Nepali

## के तपाईंलाई थाहा छ?

# भिरिङ्गी (सिफिलिस) एक गम्भीर सङ्क्रमण हो जसले सबैलाई असर गर्न सक्छ।



## परीक्षण गराउनुहोस्, उपचार गराउनुहोस् र निको पार्नुहोस्!

उपचार नगरे भिरिङ्गी (सिफिलिस ) ले तपाईंको स्वास्थ्यलाई गम्भीर क्षति पुऱ्याउन सक्छ।

### तपाईंमा कुनै लक्षण नदेखिन सक्छ

जो कोहीलाई पनि भिरिङ्गी (सिफिलिस) हुन सक्छ - एक प्रकारको यौन सञ्चारित सङ्क्रमण (एसटिआई; STI)। तपाईंलाई थाहा नहुन सक्छ कि तपाईंलाई यो लागेको छ। आफूलाई र अरूलाई सुरक्षित राख्न बारम्बार परीक्षण गराउनुहोस्।

### परीक्षण गराउनुहोस्, उपचार गराउनुहोस् र निको पार्नुहोस्!

भिरिङ्गी (सिफिलिस) को उपचार सजिलो छ।

कुनै लक्षण नदेखिए पनि, भिरिङ्गी (सिफिलिस) सहितको पूर्ण एसटिआई (STI) परीक्षणको लागि आफ्नो चिकित्सक (डाक्टर) लाई सोध्नुहोस् वा स्वास्थ्य केन्द्र (मेडिकल सेन्टर) मा जानुहोस्।

### गर्भावस्थामा हेरचाह

यदि तपाईं गर्भवती हुनुहुन्छ वा बच्चा जन्माउने योजनामा हुनुहुन्छ भने, तपाईंको बच्चामा भिरिङ्गी (सिफिलिस) नफैलियोस् भनेर प्रारम्भिक परीक्षण गर्नु अझ महत्त्वपूर्ण छ।

### सुरक्षित रहनुहोस्

भिरिङ्गी (सिफिलिस) बाट बच्ने उत्तम तरिका भनेको सुरक्षित यौन सम्पर्क गर्नु हो - सधैँ कण्डम प्रयोग गर्नुहोस् र पानी वा सिलिकन आधारित लुब्रिकेन्टहरू प्रयोग गर्नुहोस्।

यौन साथीहरूले पनि भिरिङ्गी (सिफिलिस) तपाईंमा वा अन्य व्यक्तिहरूमा सर्नबाट रोक्नका लागि नियमित रूपमा परीक्षण गराउनु पर्छ।

### तालिमप्राप्त एक स्वास्थ्य परिचारिका (नर्स) सँग कुरा गर्न

यौन स्वास्थ्य जानकारी लाइन (SHIL) लाई **१८०० ४५१ ६२४** मा सम्पर्क गर्नुहोस्। सोमवार-शुक्रवार ०९:०० देखि अपराह्नको ५:३० सम्म।

आफ्नो भाषामा बोल्न **१३१ ४५०** मा सम्पर्क गर्नुहोस्।

वर्षमा हरेक दिन २४ घण्टा नै सम्पर्क गर्न सक्नुहुन्छ।

**https://www.shil.nsw.gov.au** वेबसाइट हेर्नुहोस्।

**भिरिङ्गी (सिफिलिस) को बारे थप जानकारीको लागि क्यूआर (QR) कोड स्क्यान गर्नुहोस्।**

MULTICULTURAL HIV AND HEPATITIS SERVICE

South Western Sydney Local Health District
Health Promotion Service

NSW GOVERNMENT